नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
सानोठिमी, भक्तपुर

प.सं. : २०८२/८३
च.नं. : ६९

मितिः २०८२।१२।२७

विषय : निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री स्थानीय तह ७५३, (सबै)

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च. नं. ३२९ मिति २०८२।१२।१८ गतेको प्राप्त पत्रानुसार नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२ चैत्र १३ को बैठकबाट स्वीकृत शासकीय सुधारसम्बन्धी एक सय कार्यसूचीमा उल्लिखित एवम् शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रलालयको (माननीय मन्त्रीस्तरीय) मिति २०८२ चैत्र १३ को निर्णयबाट स्वीकृत विषयवस्तु कार्यान्वयनको आश्यकताअनुसार कार्ययोजनासहित तयार गरी कार्यसूचीमा उल्लिखित तहाँसँग सम्बन्धित तपसिलका विषयवस्तु कार्यान्वयनको व्यवस्था र सो को अनुगमन समेत गरी IEMIS मा अध्यावधिक गर्ने तथा सो कार्यको प्रगति प्रत्येक महिना यस केन्द्रमा पठाईदिनु हुन अनुरोध छ ।

तपसिलः

१. भौगोलिक सूचना प्रणाली (GIS) को प्रयोगमार्फत वैज्ञानिक नक्साङ्कन गरी जनसङ्ख्याको बदलिदो स्वरूप, भौगोलिक विकटता, विद्यार्थी सङ्ख्या र दुरी आदिका आधारमा विद्यालय समायोजन (Merge) गरिएका तथा नयाँ स्थापना गरिएका विद्यालयहरूको विवरण ।

२. अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन, २०७५ बमोजिम निजी लगानीका विद्यालय र सार्वजनिक शैक्षिक गुठी अन्तर्गत सञ्चालन भएका विद्यालयमा ऐनद्वारा निर्धारित अनुपातमा विद्यार्थीलाई अनिवार्य रूपमा छात्रवृत्ति उपलब्ध गराउने विद्यालयगत विद्यार्थी विवरण । सो सम्बन्धमा यस केन्द्रको च.नं.१५५ मिति २०८२/७/२५ मा छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण पठाउनका लागि पत्राचार समेत गरिएको ।

३. विविध कारणले जन्मदर्ता प्रमाणपत्र प्राप्त गर्न नसकेका बालबालिकाका हकमा स्थानीय तहबाट प्रमाणित विवरणका आधारमा विद्यालयमा भर्ना गर्ने व्यवस्था मिलाउने र त्यसरी भर्ना भएका विद्यार्थी विवरण ।

डा. श्याम प्रसाद आचार्य
निर्देशक

बोधार्थः
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिहंदरवार काठमाडौ ।
श्री शिक्षा विकास तथा समन्वय इकाइ, (सबै) आवश्यक समन्वय एवम् सहजीकरण गरिदिनुहुन ।

REDMI NOTE 12 13/04/2026 13:53